सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८०/८१
चलानी नं. : २

मिति: २०८०/४/१

विषयः वित्तीय हस्तान्तरण बापतको अनुदान खर्च गर्ने सम्बन्धी मार्गदर्शन।

श्री स्थानीय तह (सबै)
अछाम, बझाङ्ग, बाजुरा, डोटी, दार्चुला, डडेल्धुरा, बैतडी, कैलाली र कञ्चनपुर,
सुदूरपश्चिम प्रदेश।

आर्थिक वर्ष २०८०/८१ का लागि तहाँ स्थानीय तहलाई सुदुरपश्चिम प्रदेश सरकारबाट हस्तान्तरण गरिएका ससर्त, समपूरक र विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रमलाई वित्तीय हस्तान्तरण व्यवस्थापन ऐन, २०७५, सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९, सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९, सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८०, सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ र अन्य प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डमा भएको व्यवस्था बमोजिम प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको मार्गदर्शन पठाइएको छ। तहाँ प्राप्त हुने ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानतर्फका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा तत् सम्बन्धी प्रचलित कानुन, मापदण्ड वा कार्यविधि अनिवार्य रूपमा पालना गर्नु हुनुका साथै प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी कार्यक्रम कार्यान्वयनको व्यवस्था गर्नुहुन अनुरोध गर्दछु। प्रचलित कानुन, मापदण्ड वा कार्यविधि पालना नगरी सिर्जना भएका कुनै पनि दायित्वका सम्बन्धमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले पूर्णतः जिम्मेवारी लिनुपर्ने ध्यानाकर्षण गराउन चाहन्छु।

**(क) विशेष अनुदान रकम खर्च गर्ने मार्गदर्शनः**

१. प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (Province Line Ministry Budgetary Information System-PLMBIS) बाट प्राप्त हुने कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयले कार्यान्वयन इकाइलाई बजेट निकासा गर्नेछ र स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

२. प्राप्त भएको अनुदान बापतको रकम सम्बन्धित स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टि गरी खर्च गर्नु पर्नेछ।

३. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनको अधीनमा रही प्राप्त अनुदान रकम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली अपनाई मितव्ययी र पारदर्शी ढङ्गले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्नु पर्नेछ।

४. अनुदानबाट भएको खर्चको प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको हुनेछ।

५. अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले प्रदेश नीति तथा योजना आयोगमा विद्युतीय माध्यमबाट प्रस्ताव पेश गर्दा तोकिएको समयावधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो


प्रदेश सचिव
website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com
CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५
धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८०/८१
चलानी नं. : २

अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

६. सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्रका अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी आर्थिक मामिला मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, सम्बन्धित मन्त्रालय र प्रदेश लेखा इकाइ कार्यालयमा सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को अनुसूची-२ बमोजिमको ढाँचामा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

७. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई आएको रकम सम्वत् २०८१ साल आषाढ मसान्तसम्म खर्च नभएमा सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमार्फत आगामी आर्थिक वर्षको साउन मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्नेछ।

८. निर्माण कार्यस्थलमा आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, चालु आर्थिक वर्षमा विनियोजित रकम, ठेकेदार वा उपभोक्ता समितिको नाम तथा ठेगाना सहितको कामसँग सम्बन्धित विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

९. विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रम प्रचलित खरिद कानुन बमोजिम उपभोक्ता समितिबाट सञ्चालन हुने भएमा उपभोक्ता समितिको कम्तीमा बिस प्रतिशतको लागत सहभागिता हुनु पर्नेछ।

१०. आर्थिक वर्ष २०७९/८० मा विशेष अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको कार्यान्वयन प्रगति तथा सम्पन्न प्रतिवेदन, खर्च नभएको बचत रकम फिर्ता गरेको भएमा सोको कागजात र बचत रकम फिर्ता नभएको भए सो रकम फिर्ता गरी सोको विवरण आर्थिक वर्ष २०८०/८१ को साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ४ को उपदफा (११) र (१२) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछु।

**(ख) समपूरक अनुदान रकम खर्च गर्ने मार्गदर्शन :**

११. सम्बन्धित स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रममा मात्रै खर्च गर्नु पर्नेछ।

१२. प्राप्त भएको अनुदान बापतको रकम सम्बन्धित स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्टि गरी खर्च गर्नु पर्नेछ।

१३. सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६, संघीय आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली तथा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनको अधीनमा रही प्राप्त अनुदान रकम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली अपनाई मितव्ययी र पारदर्शी किसिमले खर्च गर्ने र त्यस्तो खर्चको भुक्तानी बैङ्किङ प्रणालीमार्फत गर्नु पर्नेछ।

प्रदेश सचिव


website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com
CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८०/८१
चलानी नं. : २

१४. समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले अनुदानबाट भएको खर्चको प्रचलित कानुन बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

१५. अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम प्रदेश नीति तथा योजना आयोगमा विद्युतीय माध्यमबाट प्रस्ताव पेश गर्दा तोकिएको समायावधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना तथा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

१६. सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी आर्थिक मामिला मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, सम्बन्धित मन्त्रालय र प्रदेश लेखा इकाइ कार्यालयमा सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९ को अनुसूची-२ बमोजिमको ढाँचामा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

१७. समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न पाइने छैन। समपूरक अनुदान तर्फका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिबाट कार्यान्वयन गरिएमा त्यस्तो आयोजना तथा कार्यक्रमको भुक्तानी निकासा रोक्का गरिनेछ र यस सम्वन्धमा सम्बन्धित स्थानीय तहले नै जिम्मेवारी लिनु पर्नेछ।

१८. निर्माण कार्यस्थलमा आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, चालु आर्थिक वर्षमा विनियोजित रकम, ठेकेदार वा उपभोक्ता समितिको नाम तथा ठेगाना सहितको कामसँग सम्बन्धित विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

१९. आर्थिक वर्ष २०७९/८० मा समपूरक अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको कार्यान्वयन प्रगति तथा सम्पन्न प्रतिवेदन, खर्च नभएको बचत रकम फिर्ता गरेको भएमा सोको कागजात र बचत रकम फिर्ता नभएको भए सो रकम फिर्ता गरी सोको विवरण आर्थिक वर्ष २०८०/८१ को साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ४ को उपदफा (११) र (१२) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछु।

(ग) ससर्त अनुदान रकम खर्च गर्ने मार्गदर्शन :

२०. ससर्त अनुदान अन्तर्गतको कार्यक्रमको रकम स्थानीय तहले खर्च गर्दा जुन आयोजना तथा कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही आयोजना तथा कार्यक्रममा मात्रै खर्च गर्नु पर्नेछ।

२१. ससर्त अनुदान बापत प्राप्त रकम अन्य खर्च शीर्षकहरूमा रकमान्तर गरिने छैन।

२२. ससर्त अनुदान अन्तर्गत सञ्चालित आयोजनाको कार्य सम्पन्न भई सकेपछि आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले प्रचलित कानुन बमोजिम सार्वजनिक परीक्षण गर्नु पर्नेछ। सो परीक्षणको प्रतिवेदन प्राप्त नभएसम्म अन्तिम किस्ता भुक्तानी गरिने छैन।

प्रदेश सचिव



website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय

फोन नं.: ०९१-५२०१०७
०९१-५२५२४५

धनगढी, कैलाली, नेपाल।

पत्र संख्या : २०८०/८१
चलानी नं. : २

२३. ससर्त अनुदानको रकमबाट सञ्चालित आयोजना तथा कार्यक्रम तोकिएको समयावधिभित्र सम्पन्न गर्नु पर्नेछ। तोकिएको अवधिभित्र सम्पन्न हुन नसकेमा सम्बन्धित स्थानीय तहले आफ्नै स्रोतबाट त्यस्तो आयोजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्नेछ।

२४. ससर्त अनुदानबाट सञ्चालित कार्यक्रमको लागि प्राप्त रकमको सम्बन्धित स्थानीय तहले समयमै आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

२५. ससर्त अनुदानबाट हस्तान्तरण भएका आयोजना तथा कार्यक्रमहरूको वित्तीय र भौतिक प्रगतिको अनुगमन प्रदेशको आर्थिक मामिला मन्त्रालय र विषयगत मन्त्रालयले समेत गर्न सक्नेछ।

२६. आर्थिक वर्ष २०८०/८१ मा कुनै मनासिव कारणले ससर्त अनुदानको रकम खर्च हुन नसकेमा खर्च हुन बाँकी रकम आगामी आर्थिक वर्षको साउन मसान्तभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ र दाखिला भएको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयलाई दिनु पर्नेछ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ४ को उपदफा (११) र (१२) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछु।

२७. ससर्त अनुदानको कार्यक्रमसँग सम्बन्धित विषयगत मन्त्रालयले तोकेका सर्तको अक्षरशः पालना गर्नु पर्नेछ।

२८. स्थानीय तहले सङ्कलन गरेको मनोरञ्जन कर, विज्ञापन कर तथा ढुङ्गा, गिटी, बालुवा दहत्तर बहत्तर, माटोको शुल्क लगायतको प्रदेश सरकारको समेत अंश रहेको राजस्वको चालिस प्रतिशतले हुने रकम हरेक महिना बाँडफाँट गरी प्रदेश लेखा नियन्त्रकमार्फत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। यस सन्दर्भमा सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ७ को उपदफा (४) र (५) मा भएको व्यवस्था कार्यान्वयनको लागि ध्यानाकर्षण गराउँदछु।

२९. प्रदेश सरकारको ससर्त अनुदानमा सञ्चालित आयोजना तथा कार्यक्रमको निर्माण कार्यस्थलमा आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, चालु आर्थिक वर्षमा विनियोजित रकम, ठेकेदार वा उपभोक्ता समितिको नाम तथा ठेगाना सहितको कामसँग सम्बन्धित विवरण काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

..................
(डा. नारायणप्रसाद रेग्मी)
प्रदेश सचिव

**बोधार्थः**
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौ।
श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाण्डौ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री प्रदेश लेखा इकाइ कार्यालय, सुदूरपश्चिम प्रदेश, (९ वटै)।


website: moeap.sudurpashchim.gov.np, email: moeap7@gmail.com